# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.सं. :- २०७८/०७९
च.नं. :- २२८

बागमती प्रदेश, नेपाल
मिति:२०७८/०५/१३

बिषय उपभोक्ता समिति गठन सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै ।
किस्पाङ, नुवाकोट ।

यस गाउँपालिका अन्तर्गत चालु आर्थिक वर्ष २०७८/०७९ मा त्यस वडा अन्तर्गत सञ्चालन हुने आठौ गाउँ सभाबाट स्वीकृत योजनाहरुको उपभोक्ता समिति गठन गर्ने, लागत अनुमान तयार गर्ने र योजना सम्झौताका लागि देहाय बमोजिम गर्न गराउन गाउँ कार्यपालिकाको २०७८।०५।०३ को निर्णयानुसार अनुरोध छ ।

तपशिल

१ वडा समितिका पदाधिकारीको रोहबरमा योजनाबाट प्रत्यक्ष लाभ लिने उपभोक्ताहरुको भेला गरी वस्तीस्तरमा उपभोक्ता समिति गठन गर्ने गराउने ।

२ उपभोक्ता समिति गठन गर्दा किस्पाङ गाउँपालिकाको "उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४" बमोजिम गर्ने गराउने ।

३ लागत अनुमान तयार गर्ने गराउने ।

४ योजना सम्झौताका लागि आवश्यक कागजातहरुको फायल सम्बन्धित वडा कार्यालयले सकलन गरी एकमुष्ठ रुपमा गाउँपालिकाको योजना शाखामा पेश गर्ने ।

५ फायल प्राप्त भएपछि आवश्यक प्रक्रिया पुरा गरी सम्बन्धीत वडा कार्यालयमा उपस्थित भइ सम्झौता गरिने छ ।

२०७८/५/१३

खुम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री सुचना तथा प्रविधि शाखा : वडाकार्यालयमा इमेल गरी गाउँपालिकाको वेबसाइट र फेसबुक पेजमा समेत अपलोड गर्न हुन ।

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काहले, नुवाकोट बागमती प्रदेश, नेपाल